# XIX World Festival of Youth and Students 2017
# सहभागिताका लागि आवेदन दिने बारेको सूचना

***प्रथम पटक सूचना प्रकाशन मिति : २०७४/३/२६***

***पुन :सुचना प्रकाशन मिति २०७४/४/२***

आगामी अक्टोबर १४ देखि २२ सम्म रसियाको सोची शहरमा आयोजना हुन गईरहेको **XIX World Festival of Youth and Students** मा आफ्नै खर्चमा (आयोजकले खाना तथा बसोबासको व्यवस्था मात्र गर्ने हुंदा आते जाते हवाई टिकट र पकेट खर्च सहभागी स्वयंले व्यहोर्नु पर्ने) सहभागी हुन इच्छुक देहायका क्षेत्रसंग सम्बन्धित भई १८ देखि ३५ वर्ष उमेर समूहका युवाहरुले यो सूचना प्रकाशन भएको मितिले ३ दिन (मिति २०७४।४।४) कार्यालय समय भित्र यस मन्त्रालयको प्रशासन शाखामा आवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।विस्तृत जानकारीका लागि मन्त्रालयको वेभसाइट **www.moys.gov.np** हेर्नु हुन र मोबाइल नं. ९८४१४९१२६४ मा सम्पर्क गर्न सकिनेछ ।

**सम्भाव्य क्षेत्रहरु**

१. उद्यमशीलता, गीत, संगीत, नृत्य, निर्देशन, कला र साहित्यिक क्षेत्रका सिर्जनशील युवाहरु,
२. खेलका विभिन्न विधामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने खेलाडीहरु,
३. विज्ञान, सूचना प्रविधि तथा इन्जिनियरिङ क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका युवाहरु,
४. युवा विकासका क्षेत्रमा उत्कृष्ट कार्य गरेका राजनैतिक दल आवद्ध तथा गैर सरकारी क्षेत्रमा कार्यरत युवाहरु,
५. विभिन्न विश्वविद्यालयमा प्राध्यापन पेशामा संलग्न प्राध्यापक एवम् उत्कृष्ट नतिजा ल्याउने सफल विद्यार्थीहरु।

इच्छुक व्यक्तिहरुले आफ्नो आवेदन साथ देहायका कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छः

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२) आफू सम्बद्ध संस्थाबाट सहभागिताका लागि मनोनयन गरिएको पत्र,
३) आते जाते हवाई टिकट र पकेट खर्च बापतको रकम सम्बन्धित संस्थाले व्यहोर्ने सम्बन्धमा संस्थाको आधिकारिक पत्र,
४) स्वयंले त्यस्तो खर्च व्यहोर्ने भए सो सम्बन्धी स्वःघोषणा ।

प्राप्त आवेदनहरुको आधारमा १५ जना युवाहरुको छनौट गरिनेछ ।

**नेपाल सरकार**
**युवा तथा खेलकुद मन्त्रालय,**
**सिंहदरवार, काठमाण्डौ ।**